# मिथिला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा
मधेश प्रदेश, नेपाल


## आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवाका लागि औषधि खरिद सम्बन्धि सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/१२/१३**

प्रस्तुत विषयमा यस नगरपालिकाको आ.व. २०७९।०८० का लागि स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत शिलबन्दी दरभाउपत्रको माध्यमबाट आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवाका लागि औषधि खरिद गर्नुपर्ने भएकोले इच्छुक ईजाजत प्राप्त फर्म, संस्था, पसल, कम्पनी तथा सप्लायर्सहरुबाट निम्न शर्तको अधिनमा रही रितपुर्वकको शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

**शर्तहरु**

१ दरभाउ प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयको राजस्व शाखामा रु. ३,०००।००(अक्षेरेपी रु तीन हजार मात्र) पछि फिर्ता नहुने गरी बुझाई अध्यावधिक नविकरण भएको ईजाजतपत्र, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी तथा कालो सूचिमा नहेको स्वघोषणा संलग्न राखी सम्बन्धित फर्म, संस्था, कम्पनी तथा सप्लायर्सहरु वा अधिकार प्राप्त प्रतिनिधिले शिलबन्दी दरभाउपत्र सम्बन्धि कागजात (BID DOCUMENT ) खरिद गर्न सकिनेछ ।

२ खरिद भएको शिलबन्दी दरभाउपत्रमा उल्लेख भएका सवै विवरणहरु प्रस्टसँग भरी सम्बन्धित फर्म, संस्था, पसल, कम्पनी तथा सप्लायर्सहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिले प्रत्येक पानामा सहीछाप गरी खाममा शिलवन्दी गरी सो खाम बाहिर नाम, ठेगाना, सूचना नं. र कामको नाम प्रष्ट सँग लेखी १६ औँ दिनको १२:०० वजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्ने छ । दर्ता भएका शिलबन्दी दरभाउपत्रहरु सोही दिनको २:०० वजे उपस्थित शिलबन्दी दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोवहरमा यस कार्यालयमा खोलिनेछ । शिलबन्दी दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिहरु उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३ दरभाउ धरौटी वापतको रकम यस नगरपालिका कार्यालयको माछापुच्छ्रे वैक लिमिटेड ढल्केवर शाखामा रहेको धरौटी खाता नं. ११५००७९५८७१०००४१ मा नगद जम्मा गरी सोको सक्कलै बैक भौचर पेश गर्नु पर्नेछ वा सोही रकम बराबरको यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य बैंकबाट जारि गरिएको एक सय बीस दिन सम्म म्याद भएको बैंक ग्यारेन्टी (विड बन्ड) सिलबन्दी दरभाउ पत्र साथ संलग्न गर्नु पर्नेछ ।

४ दरभाउ शर्त रहित, केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराएको शिलबन्दी दरभाउपत्र पुस्तिकामा नै कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनु पर्नेछ । समय भित्र प्राप्त नभएको, रित पुरा नभएको, सूचनाको शर्त विपरित भएको शिलबन्दी दरभाउपत्र माथि कारवही हुने छैन ।

५ शिलबन्दी दरभाउपत्र फाराम भर्दा स्पष्ट रुपमा भर्नुपर्ने छ । आईटम वाइज दर अक्षर र अंकमा फरक पर्न आएमा अक्षरमा उल्लेखित दरलाई आधार मानी जम्मा रकम कायम गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केबर, धनुषा
मधेश प्रदेश, नेपाल

६ दरभाउ पत्रका साथमा WHO/GMP Certificate प्राप्त कम्पनीहरुबाट उत्पादित औषधिहरुमात्र उपलब्ध गराउनु पर्नेछ । विदेशी औषधिहरुको हकमा विश्व स्वास्थ्य संगठनबाट कुशल उत्पादन प्रकृया कागजको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

७ सप्लाई हुने औषधिको प्रत्येक प्याकिङ्को बाहिर उत्पादन मिति, Expiry मिति, ब्याच नम्बर तथा नेपाल सरकारबाट निशुल्क वितरणको लागि भनी उल्लेख भएको हुनु पर्ने छ ।

८ औषधि उपलब्ध गराउदा औषधिको Expiry म्याद कम्तिमा १८ महिना अथवा ७५ प्रतिशत भन्दा बढी म्याद बाँकी रहेको औषधि उपलब्ध गराउनु पर्ने छ ।

९ यस सूचनामा नसमेटिएको अन्य विषयको हकमा सार्वजानिक खरिद ऐन, २०६३ र सार्वजानिक खरिद नियमावाली, २०६४ तथा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

१० एक फर्म, पसल, संस्था, कम्पनी वा निर्माण व्यवसायीको नाममा खरिद भएको शिलबन्दी दरभाउपत्र फारम अर्को फर्म, संस्था, पसल, कम्पनी तथा सप्लायर्सको नामबाट दाखिला गर्न पाईने छैन ।

११ शिलबन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन सार्वजानिक विदा परेमा सोको भोलिपल्ट वा विदा लगत्तै कार्यालय खुलेको दिन कायम गरी उक्त कामहरु हुनेछ ।

१२ कुनै कारण नजनाई आशिंक वा पुरै दरभाउ स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस नगरपालिका कार्यालयमा सुरक्षित रहनेछ ।

१३ शिलबन्दी दरभाउपत्र सम्बन्धि थप जानकारी लिन परेका यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१४ प्रकाशित सूचनामा कुनै संशोधन गर्नु पर्ने भएमा सोको जानकारी यस कार्यालयको सूचना पाटी वा (www.mithilamun.gov.np) मार्फत जानकारी गराईनेछ ।

| सि.नं. | शिलबन्दी दरभाउपत्र नं. | कामको विवरण | स्वीकृत रकम | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/स्वास्थ्य/२०७९/०८० | आधारभूत स्वास्थ्य सेवा तथा आकश्मिक स्वास्थ्य सेवाका लागि औषधि खरिद | ३८,४०,०००।- | २.५% ले हुन आउने रकम | |

प्रमुख प्रशासकिय अधिकृत

०७९/१२/१२

प्रमुख प्रशासकीय अधिकृत